# राष्ट्रिय विकासको बाटो प्रजातान्त्रिक समाजवाद

प्रा. डा. ओम शर्मा

## लेखसार

यस लेखमा प्रजातान्त्रिक समाजवादलाई नेपालको विकासको प्रमुख मार्गका रूपमा प्रस्तुत गरिएको छ। प्रजातान्त्रिक समाजवाद पूँजीवादलाई पूर्ण अस्वीकार नगरी नियन्त्रण, सुधार र मानवमुखी बनाउने वैचारिक दृष्टिकोण हो जसले समानता, सामाजिक न्याय र समृद्धि हासिल गर्न शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक माध्यमलाई प्राथमिकता दिन्छ। यसले क्रमिक सुधारद्वारा लोकतन्त्र, स्वतन्त्रता र सामाजिक न्यायलाई समन्वय गर्ने नीति अङ्गीकार गर्दछ। बी. पी. कोइरालाले प्रजातान्त्रिक समाजवादलाई नेपालको विशेष सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भअनुसार पुनःपरिभाषित गर्दै लोकतन्त्रबिनाको समाजवाद अधिनायकवादी हुने संकेतसमेत गर्नुभएको छ। नेपालजस्तो विकासोन्मुख मुलुकमा समग्र विकासका लागि राष्ट्रिय एकता, लोकतान्त्रिक शासन प्रणाली, मानवशक्ति व्यवस्थापन, समाजको आधुनिकीकरण, नयाँ आर्थिक संरचना, राष्ट्रप्रतिको समर्पण र जनसहभागिता आवश्यक पूर्वशर्तको रूपमा मानिएको छ। साथै, औद्योगिक विकासका लागि स्रोतको प्रभावकारी उपयोग, सहकारी खेती, श्रमको सशक्तीकरण, पूँजी निर्माण, प्रविधि हस्तान्तरण, सामाजिक पूँजीको विकास र स्थानीय नेतृत्वको भूमिकालाई विशेष महत्त्व दिइएको छ। समृद्ध नेपाल निर्माणका लागि विकासलाई केवल भौतिक संरचनासम्म सीमित नगरी सामाजिक न्याय, समानता, सहभागिता र मानवीय मूल्यसँग जोडिनुपर्ने निष्कर्षसहितको सामाजिक-आर्थिक- राजनीतिक सिद्धान्त प्रस्तुत गरिएको छ।

**सूत्रशब्द**: समानता, स्वतन्त्रता, सामाजिक न्याय, मानव अधिकार, औद्योगिक समुदाय, ग्रामीण सभ्यता, विकेन्द्रीकरण।

## पृष्ठभूमि

प्रजातान्त्रिक समाजवाद, पूँजीवादलाई समाजवादमा क्रमिक रूपमा रूपान्तरण गर्ने प्रतिबद्ध बिचारधारा हो, जबकि सामाजिक प्रजातन्त्रवादीहरू पूँजीवादको प्रयोग गरेर सशक्त कल्याणकारी राज्य निर्माण गर्न चाहन्छन् जहाँ धेरैजसो व्यवसायहरू निजी स्वामित्वमै रहेका हुन्छन् (Haywood, २०२१; Giddens, १९९८; Draper,१९६६) तर केही मध्यममार्गी प्रजातान्त्रिक समाजवादीहरू पूँजीवादलाई नियन्त्रणमा राख्न बढी चिन्तित छन् र यसलाई मानवमुखी बनाउन प्रगतिशील सुधारहरूको समर्थन गर्छन्। Bernstein ले पुनरावलोकनवादी (Revisionist) समाजवादको पक्ष लिँदै पूँजीवादको क्रमिक सुधार गरी लोकतान्त्रिक माध्यमबाट समाजवाद स्थापित गर्न सम्भव हुने तरफदारी गरेका छन् (Bernstein,१८९९)। यसै क्रममा, केही बिचारधाराहरूले आर्थिक हस्तक्षेप (Economic interventionism) र समान किसिमका नीतिगत सुधारहरूद्वारा सामाजिक असमानता न्यूनीकरण र पूँजीवादका आन्तरिक विरोधाभासहरू नियन्त्रण गर्न आवश्यक मान्दछन्।

सन् १९९० तिर विकसित भएको तेस्रो बाटो "Third Way" एउटा यस्तो वैचारिक आयाम हो जसले उदारवादी अर्थतन्त्र (Liberal economies) र सामाजिक प्रजातान्त्रिक कल्याणकारी नीतिहरूको (Social Democratic Welfare policies) सम्मिश्रण प्रस्तुत गर्दछ (Giddens, १९९८)। समयको अन्तरालसँगै २०औँ शताब्दीमा, प्रचलित राजनीतिक संरचनामार्फत समाजको विकास गर्ने प्रक्रियामा समर्थन जनाउने र मार्क्सवादसँग सम्बन्धित

क्रान्तिकारी उपायहरूको विरोध गर्ने व्यक्तिहरूलाई सामाजिक प्रजातन्त्रवादीहरू भन्न थालिएको हो । जर्मन न्यायविद्, दार्शनिक र समाजवादी राजनीतिज्ञ, सामाजिक प्रजातान्त्रिक आन्दोलनका प्रवर्तक Lassalle ले ज्यालाको फलामे नियममा (Iron Law of Wages) वर्गविहीन समाजको अवधारणालाई अस्वीकार गर्दै राज्यलाई स्वतन्त्र अस्तित्त्व भएको न्यायको उपकरणको रूपमा लिएको देखिन्छ (Blaug, २००८/२०१८) ।

## प्रजातान्त्रिक समाजवादी अर्थतन्त्रका विशेषताहरू

- शान्तिपूर्ण र संवैधानिक माध्यमको वकालत समाजवादी राज्यले परिवर्तनका लागि कानुनी र लोकतान्त्रिक उपायहरू अवलम्बन गर्छ न कि क्रान्तिकारी ।
- राज्य एक सकारात्मक शक्तिको रूपमा लिइन्छ : जनहितमा लोककल्याणकारी कार्यक्रमहरू सञ्चालन गरिन्छ ।
- राज्यको आर्थिक स्रोतहरूको आवश्यकताअनुसार राष्ट्रियकरण (उत्पादनका साधनहरूको राष्ट्रियकरण): निजी स्वामित्वमा रहेका ठूला स्रोतहरूलाई राष्ट्रको स्वामित्वमा ल्याई क्षतिपूर्ति उपलब्ध गर्ने ।
- निजी सम्पत्तिमा नियन्त्रण : सरकारलाई प्राप्त हुने निजी सम्पत्तिको प्रयोग सामाजिक हितका लागि कानुनी व्यवस्थामा सुधार गरिन्छ ।
- सम्पत्तिको न्यायसङ्गत वितरण : प्रगतिशील कर प्रणालीमार्फत धनी र गरिबबिचको दूरी घटाउने प्रयास गरिन्छ ।
- सबैलाई सामाजिक न्याय : कुनै पनि प्रकारको भेदभाव नगर्ने ।
- व्यक्तिगत स्वतन्त्रता र राज्य सत्ताबिच सन्तुलन कायम गरिन्छ ।
- समाजको आवश्यकतामा आधारित उत्पादन प्रणाली अपनाइन्छ ।
- स्थानीय तहसम्म राज्य सत्ताको विकेन्द्रीकरण गरिन्छ ।
- धर्म र नैतिकताप्रति विश्वास रहन्छ ।

## प्रजातान्त्रिक समाजवाद र वैज्ञानिक समाजवादबिचको अन्तर

समाजवाद, मानव समाजमा समानता, न्याय र समृद्धिको अवधारणा हो । यद्यपि, समाजवादका विविध प्रवृत्तिहरू मध्ये प्रमुख दुई बिचारधाराहरू - प्रजातान्त्रिक समाजवाद (Democratic Socialism) र वैज्ञानिक समाजवाद (Scientific Socialism) हुन् । यी दुबै दृष्टिकोण समान उद्देश्य अंगिकार गर्दछन् तर तिनीहरूको मार्ग रणनीति, बिचारधारा र व्यवहारमा धेरै महत्त्वपूर्ण अन्तरहरू विद्यमान छन् ।

प्रजातान्त्रिक समाजवाद सामाजिक समानता, न्याय र कल्याणकारी राज्यको स्थापना गर्ने लक्ष्य प्राप्त गर्नका लागि शान्तिपूर्ण, संवैधानिक र लोकतान्त्रिक माध्यमलाई अपनाउँछ । यस प्रणालीले राज्यलाई सकारात्मक शक्तिको रूपमा स्वीकार्दछ जसले स्वास्थ्य, शिक्षा रोजगारी र सामाजिक सुरक्षाजस्ता जनकल्याणका कार्यक्रम सञ्चालन गर्छ । यस धाराले व्यक्तिको स्वतन्त्रता, मानव अधिकार, धर्म र नैतिक मूल्यहरूलाई सम्मान गर्छ । निजी सम्पत्तिलाई पूर्णरूपमा निषेध नगरी आवश्यक मात्रामा नियन्त्रण गरिन्छ र उत्पादन समाजको आवश्यकतामा आधारित हुनुपर्छ भन्ने मान्यता राख्दछ । प्रजातान्त्रिक समाजवाद बी.पी. कोइराला, जवाहरलाल नेहरूजस्ता नेताहरूको बिचारमा प्रतिबिम्बित हुन्छ ।

दोस्रोतर्फ, वैज्ञानिक समाजवाद कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सको दर्शनमा आधारित छ, जसलाई ऐतिहासिक भौतिकवाद (Historical Materialism) भनिन्छ । यो बिचारधाराले समाजमा हुने वर्ग सङ्घर्षलाई परिवर्तनको

मुख्य साधन मान्दछ । यसको अन्तिम लक्ष्य वर्गविहीन र राज्यविहीन समाजको निर्माण हो । वैज्ञानिक समाजवादमा राज्यलाई एउटा वर्गद्वारा अर्को वर्गमाथि शासन गर्ने यन्त्रको रूपमा हेरिन्छ, जुन सर्वहारा वर्गको तानाशाहीमार्फत स्थापना गरिएको हुन्छ। यस अवधारणाले क्रान्ति र शक्ति दुवैको प्रयोग आवश्यक ठान्दछ। निजी सम्पत्ति र पूँजीवादी उत्पादन प्रणालीको पूर्ण उन्मूलन आवश्यक मानिन्छ। धर्म, जनतालाई भ्रममा पार्ने औजार "religion as the opium of the masses" (Omonijo et al., २०१६) को रूपमा लिइन्छ र धार्मिक आस्थालाई नकारात्मक दृष्टिले हेरिन्छ। यी दुवै बिचारधाराको मुख्य उद्देश्य समानता, सामाजिक न्याय र समृद्धि नै हो तर तिनीहरूको रणनीति र विश्वास प्रणाली पूर्णतः फरक छन्। प्रजातान्त्रिक समाजवादले लोकतन्त्रमा विश्वास राख्दै क्रमिक सुधारको माध्यमबाट समाजमा परिवर्तन ल्याउन खोज्दछ भने वैज्ञानिक समाजवादले क्रान्तिमार्फत एकैचोटि प्रणाली परिवर्तन गर्न चाहन्छ।

अन्ततः, आजको विश्व परिप्रेक्ष्यमा यी दुई अवधारणाबिच संवाद र समिश्रणको सम्भावना देखिन थालेको छ। तेस्रो बाटो "Third Way" यस्तो विचार हो जसले उदार पूँजीवादलाई सामाजिक कल्याणका कार्यक्रमहरूसँग मिलाएर अघि बढाउने प्रयास गरेको छ। यसरी, प्रजातान्त्रिक समाजवाद र वैज्ञानिक समाजवाद दुवै समाज सुधारका दृष्टिकोणहरू हुन् तर व्यवहारमा उनीहरूको दृष्टिकोण रणनीति र सिद्धान्तमा स्पष्ट भिन्नता रहेको पाइन्छ । समाजका आवश्यकता र सन्दर्भअनुसार यी बिचारधाराहरूको प्रयोग, आलोचना वा समायोजन भइरहन्छ।

बी. पी. कोइरालाले नेपालको सन्दर्भमा यस बिचारलाई स्पष्ट रूपमा प्रस्तुत गर्नुभएको छ। लोकतान्त्रिक स्वतन्त्रताबिनाको समाजवाद अधिनायकवादी समाजमा परिणत हुन जान्छ । त्यसैले जनताको स्वतन्त्रता, समानता र जनताको सक्रिय सहभागिताको समन्वयात्मक रूपको संयोजन प्रजातान्त्रिक समाजवाद हो । कोइराला भन्नुहुन्छ "साम्यवाद भनेको समाजवाद नै हो, यसमा प्रजातन्त्र झिकिएको हुन्छ । साम्यवादमा प्रजातन्त्र थपिदिँदा समाजवाद हुन्छ भने समाजवादबाट प्रजातन्त्र झिकिदिँदा साम्यवाद बन्छ (koirala, १९७९).

समाजवाद जीवनको प्रेरणादायी आदर्श हो । यसको प्रयोग देश र समयमसापेक्ष फरक पर्न जाने भएकाले, देशको आन्तरिक अवस्थाअनुसार समाजवादको स्थापना आवश्यक हुन्छ । बी.पी. कोइरालाद्वारा व्यक्त बिचारहरू अझै समय सान्दर्भिक देखिए तापनि तिनीहरूलाई पुनः परिभाषित गर्नु आवश्यक छ। यस लेखमा कोइरालाले प्रजातान्त्रिक समाजवादका लागि देखाएका तत्त्वहरूलाई जोडेर एक सामाजिक-आर्थिक-राजनीतिक सिद्धान्तको(Socio-economic-politico model) प्रारूप (परिशिष्ट-१, २) कोर्न प्रयास गरिएको छ जसले नेपालजस्तो विकासमा पछि परेको देशलाई विकासको बाटोमा उडान भर्न पर्याप्त सहयोग पुग्नेछ।

## समग्र विकासका लागि आवश्यक पूर्वशर्तहरू

नेपालजस्तो विकासोन्मुख मुलुकका लागि समग्र विकास प्राप्त गर्नु प्रमुख राष्ट्रिय लक्ष्य हो। समग्र विकास भन्नाले केवल भौतिक पूर्वाधारको विकासमात्र होइन, सामाजिक, आर्थिक राजनीतिक र सांस्कृतिक रूपान्तरणको अविच्छिन्न प्रक्रिया बुझिन्छ। यस्तो विकास हासिल गर्न विभिन्न पूर्वशर्तहरूको परिपूर्ति आवश्यक हुन्छ, जुन राष्ट्रिय स्तरदेखि पारिवारिक र व्यक्तिगत स्तरसम्म प्रभाव पार्ने खालका हुन्छन्। समाजवाद क्रान्तिका माध्यमबाट होइन, लोकतान्त्रिक र शान्तिपूर्ण उपायहरूबाट ल्याइनुपर्छ। बी.पी. कोइरालाले नेपाली समाजको संरचनालाई ध्यानमा राख्दै, समाजवादको रूपान्तरण व्यक्तिगत स्वतन्त्रता, आर्थिक समानता र सामाजिक न्यायमा आधारित हुनुपर्ने विचार प्रस्तुत गर्नुभएको छ। उहाँका अवधारणाको विशेषतः लोकतान्त्रिक समाजवाद र राजनीतिक

सहभागिता, गाउँ केन्द्रित विकास मोडेल तथा राष्ट्रिय मेलमिलापजस्ता नीतिहरूबारे प्राथमिकताका साथ उल्लेख गरिएको छ (Chatterji,१९८२).

**१. इच्छाशक्ति र प्रयास (Willpower and Efforts)**

कुनै पनि लक्ष्य प्राप्तिका लागि सबैभन्दा पहिलो र महत्त्वपूर्ण पक्ष भनेको इच्छाशक्ति हो । राष्ट्रिय विकासको अभियानमा सरकारले बनाउने नीतिमात्र पर्याप्त हुँदैन, जबसम्म नागरिक स्तरमा पनि त्यसप्रति जागरूकता र इच्छाशक्ति हुँदैन। प्रत्येक नागरिकले आफ्नो भूमिकाको पहिचान गरी त्यसअनुसार योगदान पुऱ्याउनु नै समग्र विकासको पहिलो खुड्किलो हो ।

**२. आवश्यक पूर्वशर्तहरूको परिपूर्ति (Fulfillment of Necessary Conditions)**

समग्र विकास हासिल गर्नका लागि केही आधारभूत शर्तहरू छन्, जुन राष्ट्रको संरचना र कार्यशैलीमा परिलक्षित हुन्छन् :

**क) राष्ट्र (Nation)**

राष्ट्रको एकता, सार्वभौमिकता र भौगोलिक अखण्डता कायम रहनु आवश्यक छ । राष्ट्रप्रति सबै नागरिकको आस्था र निष्ठा विकासको मूल आधार हो ।

**ख) परिवार (Family)**

परिवार समाजको पहिलो कक्ष हो। शिक्षित, सचेत र मूल्य-निष्ठ परिवारले नै स्वस्थ समाजनिर्माण गर्दछ, जसअनुरूप दीर्घकालीन विकासको बाटो सुनिश्चित हुन्छ।

**ग) समाज (Society)**

समाजमा समावेशीता, सहिष्णुता र सामाजिक न्याय हुनु आवश्यक छ। वर्ग, जाति, लिङ्ग, धर्म वा भूगोलका आधारमा कुनै पनि प्रकारको विभेद विकासको बाधक बन्न सक्छ।

**घ) राष्ट्रिय भावना (National Sentiment)**

राष्ट्रप्रेम, सहकार्य र एकताजस्ता भावनाहरू विकासको प्रेरक शक्ति हुन् । जब नागरिकहरू राष्ट्रिय हितलाई व्यक्तिगत हितभन्दा माथि राख्छन्, तबमात्र दिगो विकास सम्भव हुन्छ।

**ङ) लोकतान्त्रिक शासन प्रणाली (Democratic Governance System)**

सशक्त लोकतन्त्र, जवाफदेही शासन र सहभागी विकास प्रक्रिया हुनु विकासको अभिन्न पक्ष हो। जनताको मत, स्वतन्त्रता र समान अवसर सुनिश्चित गर्नसक्ने शासन प्रणाली विकासमैत्री हुन्छ। जनहितअनुकूलको राजनीतिक संस्था तथा निर्णय गर्ने तहदेखि कार्यान्वयन गर्ने तहसम्म जनसहभागिता प्रमुख रूपमा स्थापित भएको हुनुपर्छ।

**३. मानवशक्तिको उचित व्यवस्थापन (Proper Management of Manpower)**

मानव संसाधन कुनै पनि राष्ट्रको अमूल्य सम्पत्ति हो। यसको सही व्यवस्थापनले उत्पादकता, नवप्रवर्तन र सामाजिक परिवर्तन सम्भव बनाउँछ। त्यसका लागि राज्यले तल उल्लिखित नीतिहरू बनाइ कार्यान्वयन गर्न आवश्यक छ :

- सिपमूलक शिक्षा र तालिम
- रोजगारीका अवसरहरूको सिर्जना

- उद्यमशीलताको प्रोत्साहन
- प्रतिभा पलाईन रोक्ने नीति

## ४. समाजको आधुनिकीकरण (Modernization of the Society)

समाजलाई आधुनिक सोच, प्रविधि र नविन मूल्य-मान्यतासँग अभ्यस्त गराउनु आवश्यक छ । शिक्षामा पहुँच, स्वास्थ्यसेवाको सुलभता, लैंगिक समानता, सूचना-प्रविधिको प्रयोग र विज्ञानमा आधारित सोचले समाजलाई परिवर्तनशील बनाउँछ । यहाँ कोइराला Lewisबाट प्रभावित देखिन्छन् तर पनि उनका बिचारहरू बढी आदर्शपरक र मूल्यमा आधारित छन् जसमा सामाजिक न्याय, लोकतन्त्र र मानव गरिमाले महत्त्व पाएको छ, जबकि Lewis (१९५४)मोडेल एउटा सैद्धान्तिक रूपरेखा हो, जो विकासका आर्थिक प्रविधि र यन्त्रहरूमा केन्द्रित रहन्छ ।

## ५. नयाँ आर्थिक संरचनाको स्थापना (Settlement of New Economic Order)

पुराना, अन्यायपूर्ण र एकात्मक आर्थिक संरचनाले समाजमा असमानता र गरिबीको बिस्तार गर्छ । त्यसैले नयाँ आर्थिक व्यवस्थाको आवश्यकता हुन्छ जसले समतामूलक वितरण, उत्पादनका साधनहरूको समान उपयोग र दिगो विकासमा जोड दिन्छ । यस्ता व्यवस्थामा कृषि, उद्योग, सेवा र प्रविधि क्षेत्रको योजनाबद्ध, सहकार्ययुक्त र समन्वयात्मक विकास आवश्यक हुन्छ । यी सन्दर्भहरू पछिल्ला अर्थशास्त्रीहरू Ostrom, (१९९०),) Haq, (१९९५) तथा Sen (१९९९)का आलेखमा पनि समावेश रहेको भेटिन्छ ।

## ६. राष्ट्रिय विकासको इच्छाशक्ति निर्माण (Desirability for National Development)

जनतामा राष्ट्रप्रति समर्पण र विकासमा सहभागिताको भावना उत्सर्जन गर्नु आवश्यक छ । जबसम्म नागरिक स्वयं विकासका पक्षधर हुँदैनन्, तबसम्म नीति कार्यान्वयन प्रभावकारी हुँदैन । शिक्षा, सञ्चार तथा नेतृत्वमार्फत जनचेतनाको प्रभावकारी विकास र जागरूकता सुनिश्चित गर्न आवश्यक छ । विकासले केवल आर्थिक सूचकांकहरूमा होइन, मानव कल्याण, चेतना र समुदायको सहभागितामा प्राथमिकता दिनुपर्दछ (Schumacher, १९७३) । राष्ट्रिय नीतिहरू त्यतिबेलामात्र सफल हुनसक्छन् जब नागरिकहरू विकास प्रक्रियामा सक्रिय रूपमा संलग्न र आफ्नो भूमिकाप्रति सचेत हुन्छन् ।

## ७. लोकतान्त्रिक समाजवादको अभ्यास (Practice of Democratic Socialism).

नेपालको संविधानले पनि समाजवाद उन्मुख शासन प्रणालीलाई मान्यता दिएको छ । लोकतान्त्रिक समाजवादले जनताको स्वतन्त्रता र सामाजिक न्यायलाई एकसाथ अघि बढाउँछ । यसले समता, सहभागिता र मानव मर्यादाको संरक्षण गर्छ । समाजवादलेमात्र सबै वर्गको विकास सुनिश्चित गर्नसक्छ ।

नेपालको औद्योगिक विकासको रणनीति : स्रोत, श्रम, प्रविधि र सामूहिक नेतृत्वको एकीकृत दृष्टिकोण

नेपालजस्तो विकासशील राष्ट्रमा औद्योगिक विकासको अवधारणा केवल कारखाना स्थापना वा उत्पादन वृद्धिसँगमात्र सम्बन्धित हुनु हुँदैन । यो एक समग्र सामाजिक, आर्थिक, वातावरणीय र संरचनात्मक रूपान्तरणको प्रक्रिया हो । औद्योगिक विकासले न केवल रोजगार सिर्जना गर्छ, अपितु स्रोतको सदुपयोग, श्रमको उत्पादकता, प्रविधिको प्रयोग, सामाजिक परिवर्तन र राष्ट्रिय आत्मनिर्भरतासमेत सुनिश्चित गर्दछ । नेपालका सन्दर्भमा यस्तो विकास हासिल गर्न विभिन्न पक्षहरूबिच गहिरो तालमेल र समन्वय आवश्यक हुन्छ, जुन यस प्रकार रहेको छ ।

१. **स्रोतको प्रभावकारी उपयोग : वन, जल, सौर्य ऊर्जा**

नेपालमा प्रशस्त प्राकृतिक स्रोतहरू छन्-विशेषगरी जलस्रोत, वनसम्पदा र सौर्य ऊर्जा तर यी स्रोतहरू अहिलेसम्म अपर्याप्त र अव्यवस्थित रूपमा उपयोग हुँदै आएका छन् ।

वन स्रोतको समुचित प्रयोग : जंगलबाट प्राप्त काठ, जडीबुटी र वनस्पति स्रोतहरूमा आधारित घरेलु उद्योगहरू स्थापना गर्नु आवश्यक छ । यसले ग्रामीण क्षेत्रमा रोजगारी सृजना गर्नुका साथै वातावरणीय सन्तुलन पनि कायम गर्न सहयोग गर्छ ।

जल र सौर्य ऊर्जा : विद्युत्को दिगो विकल्पका रूपमा लघु जलविद्युत् र सौर्य प्यानलहरूको प्रयोगले दुर्गम र ग्रामीण क्षेत्रको उत्पादन क्षमता बढाउन सकिन्छ । यस्तो ऊर्जाले सूक्ष्म, घरेलु तथा लघु उद्योगहरूलाई सशक्त बनाउँछ ।

२. **भूमिको स्वामित्व र सहकारी खेती**

नेपालको अधिकांश जनसङ्ख्या कृषिमा निर्भर रहेको अवस्थामा भूमि व्यवस्थापन औद्योगिक रूपान्तरणको आधार बन्न सक्छ ।

सामूहिक स्वामित्वको अवधारणा (Collective Ownership):

भूमिको टुक्रा-टुक्रा स्वामित्वले उत्पादन क्षमतामा बाधा पुऱ्याउँछ । सामूहिक स्वामित्व वा सहकारी खेती प्रणालीले यान्त्रिक कृषि, समूहगत लगानी र नवीन प्रविधिको प्रयोग सहज बनाउँछ ।

कृषिमा आधारित उद्योगहरूको विकास :

कृषिसँग जोडिएका उद्योगहरू-जस्तै : प्रशोधन, प्याकेजिङ, भण्डारण-जस्ता कार्यमा लगानी गर्दा कृषकलाई मूल्यवर्धन प्राप्त हुन्छ र ग्रामीण अर्थतन्त्रको स्तर उकासिन्छ ।

- भूमिसम्बन्धी सुधारअन्तर्गत किसानको स्वामित्व सुरक्षित गरिनुपर्छ । निजी स्वामित्वमा वैज्ञानिक तथा गुणात्मक खेती प्रणाली लागु गरिएमा त्यसको निरन्तरता पनि सुनिश्चित गर्नुपर्छ ।
- सामूहिक स्वामित्व (Collective ownership) र सहकारी खेतीको अभ्यासलाई प्रवर्धन गर्नुपर्छ ।
- उद्योगमैत्री समाजको निर्माण गर्नुपर्ने आवश्यकता छ ।
- कृषिमा आधारित उद्योगहरूको स्थापनासँगै यसको दक्षता अभिवृद्धि गरिनुपर्छ ।

३. **श्रम उत्पादनको मेरुदण्ड**

श्रम, उत्पादन प्रक्रिया र औद्योगिक गतिशीलताको मेरुदण्ड हो । नेपालमा श्रमशक्ति प्रशस्त भए पनि यसको उपयोग अझै संरचित र दक्ष रूपमा हुन सकेको छैन । देशको श्रमशक्ति (Manpower) को उचित व्यवस्थापनले आर्थिक उत्पादनमा सकारात्मक प्रभाव पार्दछ । उत्पादनका साधनहरू - भूमि, श्रम, पुँजी र प्रविधिलाई न्यायोचित वितरण र पहुँच पुऱ्याउनु लोकतान्त्रिक समाजवादको मूल भावना हो ।

शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा : श्रमिकहरूको क्षमता विकासका लागि सिपमूलक शिक्षा, स्वास्थ्यसेवा र श्रमिकमैत्री सामाजिक सुरक्षाको पहुँच अत्यावश्यक छ ।

सशक्तीकरणमार्फत प्रेरणा : जब श्रमिकहरूलाई सम्मान र अवसर दिइन्छ, उनीहरू देश निर्माणमा संलग्न हुन्छन् । उनीहरूको श्रम उत्पादनमामात्र होइन राष्ट्र निर्माणमा नै रूपान्तरण हुन्छ ।

## ४. पूँजी निर्माणः सहकारी, साना उद्योग र सामूहिक लगानीका

कुनै पनि उद्योग स्थापना गर्नका लागि पूँजी अत्यावश्यक हुन्छ। पूँजी वृद्धिका माध्यमबाट, नयाँ उद्योग स्थापना, नयाँ प्रविधिको प्रयोग, कृषि र उद्योगमा लगानीद्वारा उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ।

नेपालमा पूँजी निर्माण तीन माध्यमबाट सुदृढ गर्न सकिन्छ :

- स्थानीय सहकारी संस्थाहरू : बचत, ऋण सुविधा तथा सामूहिक लगानीको माध्यम बनेका सहकारीहरू उत्पादन प्रणालीमा सहभागी हुनसक्छन्।
- साना उद्योगहरूः घरेलु स्रोत प्रयोग गरेर सञ्चालन गर्न सकिने साना उद्योगहरूले पूँजीको न्यूनतम प्रयोगमा पनि दीर्घकालीन रोजगारीको उपलब्धता तथा उत्पादन वृद्धिमा सम्भावनाका ढोका खोल्ने कार्य गर्दछन्। सामाजिक पूँजीको विकास : विश्वास, सहकार्य, अनुशासन, पारदर्शिता र सामूहिक उत्तरदायित्वको भावना-यी सबै सामाजिक पूँजी हुन् जसले वित्तीय पूँजीभन्दा पनि बढी सशक्त र दिगो प्रभाव पार्न सक्छ। Keynes को रोजगारी-केन्द्रित दृष्टिकोण, Stiglitz(१९९८) को संस्थागत विश्लेषण, Sen (१९९९)को मानव केन्द्रित विकास र Putnam(१९९३) तथा Ostrom(१९९०) को सामाजिक पूँजीसम्बन्धी सैद्धान्तिक संरचनामा पनि वित्तीय पूँजीभन्दा सामाजिक पूँजीको दीर्घकालीन महत्त्वलाई दर्शाइएको छ।

## ५. प्रविधिको विकास र प्रयोग

नेपालजस्तो मुलुकमा दिगो प्रविधि विकास अत्यावश्यक छ, विशेषतः सस्तो, सुलभ र स्थानीय आवश्यकतामा आधारित प्रविधि।

- स्थानीय स्रोतमा आधारित प्रविधि : गोबरबाट बायोग्यास, स्थानीय कच्चा पदार्थ प्रयोग गरेर सिलाई, बुनाई, खाद्य प्रशोधनजस्ता उद्योगहरू प्रविधि सुलभताका उदाहरण हुन्।

प्रविधि हस्तान्तरणः विकसित राष्ट्र वा निजी क्षेत्रबाट प्रयोगमा रहेका प्रविधिलाई अनुकूलन गरी स्वदेशमा प्रयोगार्थ उपयुक्त वातावरणको निर्माण गर्न सक्ने अवस्था बनाउनुपर्ने हुन्छ।

दिगो विकासका लागि देशले आफ्ना स्रोतहरू (जस्तै जलशक्ति, सौर्य ऊर्जा) लाई उपयोग गर्दै प्रविधिमा लगानी गर्नुपर्छ। स्थानीय सन्दर्भमा प्रयोग गर्न मिल्ने सस्तो, सरल तर प्रभावकारी उपाय का लागि मध्यवर्ती प्रविधि (Intermediate Technology), उद्योगमैत्री समाजको निर्माण तथा कृषिमा आधारित उद्योगहरूको स्थापनासँगै यसको दक्षता अभिवृद्धिजस्ता कार्यक्रमहरूको सञ्चालन गर्नुपर्ने हुन्छ।

## ६. औद्योगिक समुदायको विकास

औद्योगिक समाजको निर्माणार्थ स्रोतहरूको अधिकतम प्रयोग, दक्ष जनशक्तिको उत्पादन र आयआर्जनमा वृद्धि गर्ने आधारहरू अनिवार्य हुन्। यस प्रक्रियामा आत्मनिर्भर बन्न सकिने वस्तुहरूलाई प्राथमिकता दिनुले उत्पादन प्रणालीलाई केवल ग्रामीण तहमामात्र नभई राष्ट्रिय स्तरसम्म पनि सुदृढ र स्थायी बनाउँछ। यस्तो रूपान्तरणले देशको समग्र औद्योगिक विकासलाई गति दिई स्वदेशी उत्पादन रोजगारी सिर्जना र आर्थिक आत्मनिर्भरतामा बलियो योगदान पुऱ्याउँछ। उद्योगमात्र होइन, त्यसको आसपासको सामाजिक संरचना, संस्कृति र सम्बन्धहरूको विकासले औद्योगिक समुदायको विकास गर्दछ। त्यसकारण, उद्योग केन्द्रित बस्ती विकास, कर्मचारीका लागि आवास, शिक्षा र स्वास्थ्य सुविधा, संघीय, प्रदेश र स्थानीय

सरकारसँग समन्वयजस्ता सन्दर्भहरूमा उद्योगलाई सामाजिक संरचनासँग जोड्दामात्र त्यसको प्रभाव निश्चित रूपमा दीर्घकालीन हुन्छ ।

**७. सामाजिक सेवा र आधारभूत सुविधा**

स्वस्थकर जीवनका लागि पानी, सरसफाइ, शिक्षा, स्वास्थ्यसेवाजस्ता आधारभूत सेवाहरू सहज पहुँचमा हुनु आवश्यक छ । गाउँ-बस्तीमा सरसफाइ प्रवर्द्धन, वन स्रोतहरूको सदुपयोग, स्वच्छ पिउने पानीको सुनिश्चितता र ग्रामीण नेतृत्वको विकासले प्राथमिकता पाउनुपर्छ ।

**८. समानताको सिद्धान्त : समृद्धि बाँडफाँट गरौं, गरिबी होइन**

यो लोकतान्त्रिक समाजवादको मूल मन्त्र हो - "Distribute richness, not poverty" । यसका लागि स्रोतसाधनहरूको पुनर्वितरण आवश्यक छ जसले आर्थिक असमानता अन्त्य गर्दै गरिबीको चक्र तोड्न सक्दछ । नेपालमा कृषिमा आधारित बहुसंख्यक जनसङ्ख्या संलग्न भए तापनि उत्पादन दर न्यून छ । यदि किसानले उत्पादन गर्न सक्ने क्षमतामा लगानी नगरिएमा, उपलब्ध अल्प उत्पादनलाई बाँडफाँट गरेर खाद्य सुरक्षाको ग्यारेन्टी गर्न सकिन्न । 'एक पाथी दूधबाट सय जनालाई एक-एक चम्चा बाँड्न खोज्नु' जस्तै, सीमित उत्पादनलाई बाँडेर न्याय स्थापित गर्न सकिँदैन । त्यसैले नीति निर्माताले प्रथमतः उत्पादनमै प्राथमिकता दिनका लागि भूमिसुधार, सहकारी खेती, श्रमिक अधिकार, पुँजी वृद्धिको निरन्तर प्रयासले समान अवसर सिर्जना गरी समाजलाई न्यायपूर्ण बनाउँदछन् ।

**९. मानवीय पक्ष र आर्थिक अवस्था**

औद्योगिक विकास केवल भौतिक वृद्धि होइन, मानवीय मूल्यमा आधारित हुनुपर्छ । यसका लागि :

- मानवता र श्रमिकको सम्मान
- समान अवसर र सहभागिता
- न्याय, समावेशीता र लैङ्गिक समानता

अर्थतन्त्र सबल बनाउनु भनेको मानिसको जीवनस्तर उठाउनु पनि हो ।

**१०. स्थानीय नेतृत्व र सञ्जाल प्रणाली**

स्थानीय नेतृत्वको सहभागिता विना राष्ट्रिय औद्योगिक नीति सफल हुँदैन । गाउँ, नगर वा जिल्लास्तरमा उद्यमशील नेताहरू उत्पादन, बजार व्यवस्थापन, सहकारी समन्वय र नीतिनिर्माणमा भूमिका निर्वाह गर्नसक्छन् ।

- स्थानीय स्रोतको पहिचान र परिचालन
- सहभागितामूलक योजनानिर्माण
- समाज-उद्योग सहकार्यको सञ्जाल बिस्तार

## निष्कर्ष

नेपालको औद्योगिक भविष्य स्थानीय स्रोत, श्रम, प्रविधि, भूमिको व्यवस्थापन र सामूहिक नेतृत्वको समन्वयमा आधारित हुनुपर्छ । सस्तो ऊर्जा, स्वदेशी प्रविधि, समावेशी नीति र श्रममैत्री वातावरण सृजना गरेरमात्र हामी आत्मनिर्भरता रोजगारी वृद्धि तथा समृद्ध राष्ट्रको लक्ष्यमा पुग्न सक्छौं । औद्योगिक विकास अब केवल उत्पादनको कुरा होइन-यो न्याय, समता र अवसरको कुरा हो ।

समग्र विकास केवल नारा होइन, यो दीर्घकालीन यात्रा हो, जसमा सबै पक्षको साझा प्रयास अनिवार्य हुन्छ । इच्छाशक्ति, आवश्यक पूर्वशर्तहरूको परिपूर्ति, मानवशक्ति व्यवस्थापन, समाजको आधुनिकीकरण, नयाँ आर्थिक प्रणालीको स्थापना र लोकतान्त्रिक समाजवादको अभ्यासलेमात्र नेपाललाई समृद्धिको मार्गमा अघि बढाउन सक्छ । विकासको यात्रामा जनसहभागिता राष्ट्रिय भावना र समर्पण नै सफलता प्राप्त गर्ने मुख्य आधार हुन् ।

## संदर्भ–सामग्री


Blaug, M. (2008/2018). *Iron law of wages*. In The New Palgrave Dictionary of Economics (2nd ed., pp. 3295–3296 or 7027–7028). Palgrave Macmillan.

Chatterji, B. (1982). *Portrait of a revolutionary*: B. P. Koirala. Ankur Publishing House.

Draper, H. (1966). *The two souls of socialism.* https://www.marxists.org/archive/draper/1966/twosouls

Giddens, A. (1998). *The third way*: The renewal of social democracy. Polity Press.

Haywood, A. (2021). *Political ideologies:* An introduction (7th ed.). Red Globe Press (Macmillan International Higher Education).

Haq, M. ul. (1995). *Reflections on Human Development.* Oxford University Press

कोइराला, बी. पी. (१९७९). *प्रजातन्त्र र समाजवाद. गोर्खापत्र अनलाईन मा उद्धृत,* Gorkhapatra Online. https://gorkhapatraonline.com/news/19651

Lewis, W. A. (1954). Economic development with unlimited supplies of labour. *The Manchester School,* 22(2), 139–191. https://doi.org/10.1111/j.1467-9957.1954.tb00021x

Omonijo, D., Uche, O., Nnedum, O., & Chine, B. (2016). Religion as the opium of the masses: A study of the contemporary relevance of Karl Marx. *Asian Research Journal of Arts & Social Sciences,* 1(3), 1-7. https://doi.org/10.9734/arjass/2016/28326

Ostrom, E. (1990). *Governing the commons: The evolution of institutions for collective action.* Cambridge University Press. https://doi.org/10.1017/CB09780511807763

Putnam, R. D. (1993). *Making democracy work: Civic traditions in modern Italy.* Princeton University Press.

Schumpeter, J. A. (1942). *Capitalism, socialism, and democracy.* Harper & Brothers.


Sen, A. (1999). *Development as freedom.* Oxford University Press.


Stiglitz, J. E. (2002). *Globalization and its discontents.* W. W. Norton & Company.

Stiglitz, J. E. (1998). *Towards a new paradigm for development: Strategies, policies, and processes* (Prebisch Lecture, UNCTAD). https://unctad.org/system/files/official-document//prebisch8.en.pdf

Schumacher, E. F. (1973). *Small is beautiful: Economics as if people mattered.* Blond & Briggs.

## परिशिष्ट–१


All Round Development
सर्वाङ्गीण विकास
सम्पूर्ण देशवासीको विकास प्रति चाख र जाँगर
Willingness/efforts
आवश्यक पूर्वाधार
Necessary Conditions
राष्ट्र
राष्ट्रियता
प्रजातन्त्र
राष्ट्रिय भावना
प्रजातान्त्रिक संस्कार / मनोवृत्ति
जनहित अनुकुलको राजनीतिक संस्था, निर्णय गर्ने तहदेखि कार्यान्वयनसम्म जन सहभागिता
विकासको जाग्रिती
Development of Desirability for National Development
राष्ट्रियता संरक्षण / संवर्धन
जनशक्तिको उचित व्यवस्थापन
Proper Management of Manpower
समाजको आधुनिकिकरण
Modernization of the Society
नयाँ आर्थिक व्यवस्थापन
Settlement of New Economic Order
प्रजातान्त्रिक समाजवाद
(Democratic Socialism*)
• प्रजातन्त्र तथा प्रजातान्त्रिक शक्तिहरुको विकास
• राष्ट्रिय मेलमिलाप: पहाड वा मधेसे भावनाले मुलुकको उन्नति गर्दैन ।
राष्ट्रको पुर्नसंरचनालाई प्रेरणा
• जिल्लाको स्वायत्त शासन
• ग्राम पन्चायत


स्थानीय नेतृत्व (Local Leadership)
स्थानीय सहभागिता
विकेन्द्रीकरण
उत्पादनका साधन
Means of Production
उर्जा (Energy) :
• Water Resource
• Solar Energy
भूमी
Land
प्रारम्भिक साधन
(Primary Factors)
श्रमिक
Labor
पूँजि (Capital)
Continuous Increment in Capital
मध्यम स्तरको प्रविधि
(Intermediate Technology)
-गान्धी र शुमेकर
वृद्धि भएको सम्पत्तिको उचित बाडफाडमा अप्रत्यक्ष सहयोग :
Wages of labor, Allowance, Working Hour, Social Security, Free Education, Health Related acts and Rules
विकासको प्रक्रियालाई मद्दत गर्नुभन्दा विदेशी सहयोगलाई गोजीमा हाल्ने, भ्रष्टाचार गर्ने वा अवैध व्यपार गर्ने सम्पन्न वर्ग मात्र सृजना हुन्छ जसको देशको आर्थिक अवस्थासँग कुनै सम्बन्ध हुँदैन ।
लगानी
- सरकारी
- व्यक्तिगत
- वैदेशिक
(नियन्त्रणमुखि)
पूँजिको विस्तार (बचत नै पूँजिको अर्को रुप हो
समानता तथा न्यायसँगत वितरण
वन संम्पदाको उचित प्रयोग
(Proper Use of forest Resource)
Safeguarding Ownership of farmers' on Land
End of the relation developed by land holding (Revolutionary Steps
• सफा पिउने पानीको उपलब्धता
(Availability Safe Dirking Water )
• Motivate for Cleaning villages
न्यून साधनस्रोत/आयतमा वृद्धि
उत्पादनमा वृद्धि
Distributing the richness not the poverty
सम्पन्नताको बाँडफाँड न की गरिबि
• कृषिजन्य उद्योगहरूको स्थापना
(Establishment of Agro-based Industries )
• कार्यक्षमताको विकास
(Improvement in efficiency of Agro-based Industries)
• जमिनमा सामूहिक आधिपत्य
(Collective Ownership on Land )
• सहकारी खती
(Cooperative Farming)
भूमि व्यवस्थामा सुधार
• जग्गा कमाउने व्यक्ति सुरक्षित किसान
• सुरक्षित किसानले आफुमा रहेको सुरक्षित किसानको हक दान, दातव्य या वेचबिखन गर्न नपाउने
• सरकारी कर्मचारी, विधवा, नावालक र विदेशमा रहेकाहरुको जग्गामा मोहियानी दावि गर्न नपाउने
• विकासमा न्यून प्रभाव
• परनिर्भरतामा वृद्धि
औद्योगिक समाजको निर्माण[1]
( Development of Industrial Community)
ग्रामीण सभ्यताको परिकल्पना[2]
• Humanity
• Economic Condition
( यी मध्ये कुनै एकको अनुपस्थितिले निश्कृयता जन्माउछ)
समाजवादी अर्थतन्त्रको स्थापना *
• युद्ध आवश्यक छैन

## परिशिष्ट– २

१. **औद्योगिक समाजको निर्माण**

अन्तिम लक्ष्य : शोषणरहित सामाजिक व्यवस्थाको स्थापना (ने.कां. विधान)

क) स्थानीय स्रोत र सिपको सम्पूर्ण उपयोग र विकास

ख) आयात-निर्यात राष्ट्रियकरण ग) राष्ट्रिय पुँजीपतिलाई प्रोत्साहन

घ) पुँजी पलाईन रोक्ने नीतिको अवलम्बन

ङ) विदेशीएको पूँजी भित्र्याउने नीतिनिर्माण तथा कार्यान्वयन ।

२. **ग्रामीण सभ्यताको परिकल्पना**

क) विर्ता उन्मुलन

ख) विर्तालाई रैकरमा परिणत

ग) प्रगतिशील कर प्रणाली

घ) वनजंगलको राष्ट्रियकरण

ङ) मालसरह तिरो तिर्नुपर्ने

च) अन्नकोषको स्थापना

छ) नहर, सफा पानी, स्वास्थ्य, शिक्षा, आवास, सांस्कृतिक समस्याहरूको समाधान र रोजगारीको वृद्धि

ज) जग्गा भाडामा लिने कृषकले उत्पादनको २/३ प्राप्त गर्ने नीति

झ) सौर्य ऊर्जाको प्रयोग ।